# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com






राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८९ | बुधवार, ९ वैशाख, २०८३ | Wednesday, 22 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# बेरूजु नियन्त्रणमा कमजोर कर्णाली सरकार

*सातौँ प्रतिवेदनअनुसार, आर्थिक वर्ष ०८०/०८१ मा मात्रै ४५ करोड ९४ लाख ८२ हजार बेरुजु निस्किएको छ। उक्त वर्ष भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको सबैभन्दा बढी १८ करोड २१ लाख २० हजार रूपैयाँ बेरूजु देखिएको छ।*

**काँक्रेविहार संवाददाता**
सुर्खेत, ८ वैशाख

कर्णाली प्रदेश सभाअन्तर्गतको सार्वजनिक लेखा समितिले प्रदेश सरकारको बेरुजु नियन्त्रणबारे विगत दुई वर्षदेखि निरन्तर सक्रियता देखाइरहेको छ। हरेक वर्ष बेरुजु बढ्दै गएपछि समितिले त्यसलाई न्यूनीकरण गर्न व्यापक रूपमा छलफल चलाइरहेको हो।

अहिले पनि मन्त्रालयगत रूपमा महालेखाको सातौँ प्रतिवेदनले औँल्याएको बेरुजुमाथि समितिले छलफल चलाइरहेको समितिका सभापति विन्दमान विष्टले बताए। उनका अनुसार महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदनमाथि कर्णाली प्रदेशका मन्त्रालय एवम् निकायगत छलफलको लागि कार्यतालिका नै बनाएर काम भइरहेको छ।



आइतबारदेखि सुरु भएको मन्त्रालयहरूको बेरुजुमाथिको छलफल बैशाख १३ गतेसम्म चल्ने उनले जानकारी दिए। त्यसपछि अन्य मातहत निकायको बेरुजुमाथि छलफल हुने उनले बताए। सोमबार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बेरुजुमाथि छलफल भएको छ। छलफलमा सम्बन्धित मन्त्री र सचिवहरूलाई समेत बोलाउने काम भइरहेको छ।

सातौँ प्रतिवेदनअनुसार, आर्थिक वर्ष ०८०/०८१ मा मात्रै ४५ करोड ९४ लाख ८२ हजार बेरुजु निस्किएको छ। उक्त वर्ष भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको सबैभन्दा बढी १८ करोड २१ लाख २० हजार रुपैयाँ बेरुजु देखिएको छ।

त्यसैगरी, सामाजिक विकास मन्त्रालयको १२ करोड ४० लाख ५ हजार रुपैयाँ र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको ५ करोड ४६ लाख ५८ हजार रुपैयाँ बेरुजु रहेको छ।

साविक आन्तरिक मामिला तथा कानुन मन्त्रालयको ४ करोड १० लाख ९६ हजार र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको २ करोड ६६ लाख १७ हजार रुपैयाँ बेरुजु देखिएको छ। कानुन मन्त्रालयलाई अहिले मुख्यमन्त्री कार्यालयमा गाभिएको (मर्ज गरिएको) छ।

यस्तै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको १ करोड ५६ लाख ७ हजार, आर्थिक मामिला तथा योजना मन्त्रालयको १ करोड ३१ लाख ४९ हजार र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको २२ लाख ३० हजार रुपैयाँ मात्र बेरुजु देखिएको छ।

## सरकारले टेर्दैन समितिको निर्देशन

सरकारको उदासीनताका कारण आर्थिक अनुशासनहीनता बढेको र बेरुजुको चाङ लागेको छ। आर्थिक वर्ष २०७४/०७५ देखि महालेखाको सातौँ प्रतिवेदनसम्म आउँदा कर्णाली सरकारको बेरुजु रकम चार अर्ब १२ करोड पाँच लाख ८४ हजार रुपैयाँ पुगेको हो। आर्थिक अनुशासन कायम गर्नुपर्ने मन्त्रालय तथा निकाय नै अटेरी बन्दा बेरुजु रकम थप बढेको हो। हालसम्मको समग्र बेरुजु रकममा सबैभन्दा धेरै भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको मात्रै झन्डै दुई अर्ब बेरुजु छ।

लेखा समितिको पटक-पटकको निर्देशनपश्चात् अघिल्लो वर्ष एक अर्ब ३७ करोड ९० लाख बराबर रकम असुल भयो, जुन नियमित जस्तै छ। त्योसँगै सरकारसँग तीन अर्ब ९४ करोड ८३ लाख ५५ हजार बेरुजु थियो। त्यसपछि २९ करोड ६८ लाख ४४ हजार बेरुजु सम्परीक्षणबाट लगत कट्टा हुँदा ९६ लाख ९२ हजार बेरुजु थप भयो।

विगत वर्षहरूको खुद बाँकी बेरुजु तीन अर्ब ६६ करोड ११ लाख दुई हजार रहेकोमा सातौँ प्रतिवेदन अर्थात् ०८०/०८१ मा ४५ करोड ९४ लाख ८२ हजार थप हुँदा कर्णाली सरकारको बेरुजु रकम चार अर्ब १२ करोड पाँच लाख ८४ हजार कायम छ।

महालेखाले कानुनबमोजिमको रीत नपुऱ्याएर कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको रकमलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

यदि लेखा समितिको सक्रियता र निर्देशनअनुसार सरकार र तिनका निकायले ध्यान दिएको भए बेरुजुको 'ग्राफ' निकै कम भइसक्थ्यो। तर समितिले जतिसुकै निर्देशन दिए पनि सरकारले त्यसलाई बेवास्ता गर्दै आएको समितिका सभापति विष्ट बताउँछन।

उनका अनुसार गत एक वर्षमा २७ वटा बैठक बसेको समितिले महालेखापरीक्षकको छैटौँ वार्षिक प्रतिवेदनमाथि केन्द्रित रहेर २०३ वटा निर्देशन दिएको थियो। त्यसअघिका प्रतिवेदनहरूमा भएका निर्देशनहरू नै सरकारले पालना नगरेको समितिको निष्कर्ष छ। समितिका अनुसार यदि ती निर्देशन पालना भएका हुन्थे भने महालेखाको सातौँ प्रतिवेदनमा झन्डै ४६ करोड रकम थप बेरुजु आउने थिएन। लेखा समितिमा कार्यरत सदस्यहरुले सरकार नै निर्देशन अटेरी गर्नेमा रहेको बताउँछन्। समितिले पटक-पटक खबरदारी गर्दा पनि सरकारले वास्ता गरिरहेको छैन। केही मन्त्रालयलाई त १७ पटकसम्म निर्देशन दिइएको छ। हरेक मन्त्रालय तथा निकायहरूलाई पुनः निर्देशन मात्रै ४ देखि १८ पटकसम्म दिइएको छ।

त्यसैले अहिले समितिले यसअघिका प्रतिवेदन र दिएका निर्देशनहरूको कार्यान्वयनबारे पनि छलफल गर्ने काम गरिरहेको समितिका सदस्यसचिव नेत्र कार्कीले बताए। मुख्यमन्त्री यामलाल कँडेलले बेरुजु नियन्त्रणबारे सम्बन्धित निकायहरूलाई पटक-पटक ध्यान दिन निर्देशन दिइरहेका छन्। उनले आर्थिक अनुशासनलाई कायम गर्न भन्दै आयोजना बैंकदेखि योजना छनोटसम्बन्धी कार्यविधि ल्याएर लागू गरेका छन्। यसले आउने दिनमा आर्थिक अनुशासनहीनतामा केही कमी आउने अपेक्षा गरिएको छ।

अहिले बाँकी रहेको बेरुजु प्रदेश स्थापना कालदेखिकै हो। यसअघि न सरकारले ध्यान दिएको थियो, न त समितिले नै। लेखा समितिका सभापति विन्दमान विष्ट सरकारले बेरुजु फर्स्योट र आर्थिक सुशासनलाई प्राथमिकतामा नराखेको बताउँछन्।

समितिले आवश्यक ऐन, नियम, कार्यविधि बनाएर काम गर्न, अनियमिततालाई नियमित गराउन र असुलउपर गर्नुपर्ने रकम असुल गर्न स्पष्ट निर्देशन दिएको छ। उनका अनुसार सरकारले यस्ता निर्देशनहरूलाई गम्भीरतापूर्वक लिएको देखिँदैन।

# संसद् बैठकमा सेल्फी र भिडियो खिच्न नपाइने, फोन चलाउन प्रतिबन्ध



**काँक्रेविहार संवाददाता**
काठमाडौं, ८ वैशाख

प्रतिनिधिसभा बैठक चलिरहेका बेला अब सांसदहरुले सभा हलभित्र मोबाइल फोन प्रयोग गर्न, फोटो वा भिडियो खिच्न नपाउने भएका छन्। संसदको गरिमा र बैठकको गम्भीरता कायम राख्न भन्दै नयाँ नियमावलीमार्फत यस्तो कडाइँ गर्न लागिएको हो।

मोबाइल बोक्न प्रतिबन्ध हुने छैन तर खुसुक्क फोन झिकेर सेल्फी खिच्न वा भिडियो, फोटो खिच्न पाइने छैन। युवा सांसदको बाहुल्यता रहेको सदनमा बैठकका दौरान यी गतिविधिमा रोक लगाउन प्रस्ताव गरिएको हो।

मंगलबार सभामुख डीपी अर्यालसमक्ष पेस गरिएको 'प्रतिनिधिसभा नियमावली मस्यौदा' मा सांसदहरूका लागि मोबाइल प्रयोगसम्बन्धी कडा प्रावधान प्रस्ताव गरिएको छ। रास्वपा सांसद गणेश पराजुलीको नेतृत्वमा गठित समितिले तयार पारेको उक्त मस्यौदामा संसद् बैठक चलिरहँदा पालना गर्नुपर्ने ११ बुँदे नियमहरू समेटिएका छन्। ती मध्ये एउटा एउटा मोबाइल फोन सम्बन्धी हो।

पछिल्लो समय युवा सांसदहरूको बाहुल्यता रहेको सदनमा बैठकका दौरान सेल्फी खिच्ने, भिडियो बनाउने वा सामाजिक सञ्जालमा व्यस्त हुने प्रवृत्ति देखिएपछि नियमावलीमै यस्तो व्यवस्था गर्न लागिएको समितिले जनाएको छ।

मस्यौदाको नियम ११ को उपनियम 'ट' मा सभाहलभित्र मोबाइल फोन अनिवार्य रूपमा साइलेन्ट मोडमा राख्नुपर्ने उल्लेख छ।

मोबाइल साथमा राख्नै नपाइने भनिएको छैन। साथमा भएको फोन साइलेन्ट मोडमा राख्न मात्र भनिएको हो।

# शिक्षामन्त्रीको अपरिपक्व निर्णय श्रृंखलाले बालेन सरकारलाई नै पार्दैछ अप्ठ्यारोमा

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ८ वैशाख

फागुन २१ गतेको निर्वाचनताकाबाटै चर्चामा थिए सस्मित पोखरेल। निर्वाचनमा उनले अपनाएको क्याम्पिङ शैली र जितेपछि प्रतिस्पर्धीहरूलाई दिएको धन्यवादबाट उनले धेरैको ध्यान खिचे। तर, वालेन्द्र शाह 'बालेन' नेतृत्वको सरकारमा शिक्षा, विज्ञान तथा प्रविधिको बनेबाट भने एकपछि अर्को गर्दै पोखरेलका निर्णय विवादमा पर्दै आएका छन्। उनको नेतृत्व र सहभागितामा रहेका सरकारी निकायबाट शिक्षा क्षेत्रमा चालिएका कदम संघीयताको मर्मसँग बाझिनेदेखि लोकतन्त्रमाथि नै प्रहार गर्ने प्रकृतिकासम्म छन्।

**संघीयताको मर्मविपरीत विद्यालय शिक्षाको क्यालेण्डरमा हस्तक्षेप**

बालेनको नेतृत्वमा सरकार बनेपछि चैत २२ गते बसेको मन्त्रिपरिषदको बैठकले यस वर्षको शैक्षिक सत्र बैशाख १५ गतेबाट सुरु गर्ने निर्णय गरेको थियो। जुन निर्णय सरकारका प्रवक्ता तथा शिक्षामन्त्री पोखरेलले नै सार्वजनिक गरेका थिए।

सरकारको त्यही निर्णयअनुसार शिक्षा तथा मानव स्रोत केन्द्रले चैत २६ गते सबै स्थानीय तह र विद्यालयलाई पत्राचार गर्दै सरकारले गरेको निर्णय कार्यान्वयन गर्न भनेको थियो। जुन निर्णय नेपालको संविधान र स्थानीय सरकारको अधिकारको अभ्यासविपरीत रहेको देखिन्छ।

संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार सूचीमा आधारभूत र माध्यमिक तहको शिक्षा रहेको छ।

त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पनि प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने व्यवस्था छ। तर, संवैधानिक व्यवस्थाअनुसार नै झण्डै दुईतिहाइ मत ल्याएर सरकार सञ्चालन गरेको सरकारले भने संविधान र ऐनकै विपरित विद्यालय शिक्षाको शैक्षिक क्यालेन्डर नै प्रभावित हुनेगरी निर्णय गर्‍यो।

सरकारले विद्यालय शिक्षाको शैक्षिक क्यालेन्डर प्रभावित हुनेगरी गरेको निर्णलाई स्थानीय सरकारहरूको छाता संस्था नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ नेपालले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै सरकारको निर्णय कानुन विपरित रहेको उल्लेख गरेका छन्।

यसका साथै, स्थानीय तहले स्थानीय कानुन, स्थानीय परिवेश र परामर्शअनुसार निर्णय लिन ती संस्थाले अनुरोध गरेका छन्।

महासंघ र संघको विज्ञप्ति मात्रै नभएर धेरै स्थानीय तहहरूले पछिल्ला दिनमा आफू अनुकुल शैक्षिक सत्रको सुरुवात गर्ने निर्णय सार्वजनिक गरिरहेका छन्। जुन निर्णयहरूलाई संघीय सरकार वा शिक्षा मन्त्रालयले भने कुनै तहबाट पनि हस्तक्षेप गर्न सक्दैन। जसले सरकार र मन्त्रीको भूमिकालाई नै हल्का बनाइदिएको छ।

**लोकतन्त्रसँग जोडिएको विद्यार्थी राजनीतिमा हस्तक्षेप**

रास्वापाले आफ्नो चुनावी घोषणापत्रमा नै विश्वविद्यालयलाई दलीय राजनीतिक अखडाबाट मुक्ता गर्ने उल्लेख गरेको थियो। त्यससँगै सरकारले पहिलो मन्त्रिपरिषद्को बैठकबाट पारित गरेको एक सय सूचीको शासकीय सुधार कार्यसूचीमा विश्वविद्यालय तहबाट दलीय संगठन संरचना हटाउने विषय पनि समावेश गरेको थियो।

पछिल्लो केही दशकयता विश्वविद्यालय तहमा विद्यार्थी संगठनहरूले राजनीतिको नाममा विश्वविद्यालयका नियमित अध्ययन अध्यापन कार्य पनि प्रभावित पार्दै आइरहेका थिए। तर, नेपालको विद्यार्थी आन्दोलन भने नेपालमा हालसम्म स्थापना भएको लोकतन्त्रको मुख्य बाहकको रूपमा पनि मानिन्छ।

विद्यार्थी संगठनहरूलाई सीमामा राख्न आवश्यक भएको तर, निस्तेज नै गर्ने विषयको भने उद्देश्य के हो भनेर बुझ्नुपर्ने प्रा.डा. गोविन्दमानसिँह कार्की बताउँछन्।

'पहिला ०३६ सालको आन्दोलन र ०४६ सालको आन्दोलनमा विद्यार्थी संगठनले मुख्य भूमिका निर्वाह गरेका हुन्, तर पछिल्लो समयमा भने विद्यार्थी संगठनको कारणले हामीले राम्रोसँग पढाउन समेत पाएका छैनौँ', उनी भन्छन्, 'त्यसैले विद्यार्थी संगठनलाई सीमामा राख्न आवश्यक छ, तर, निस्तेज नै गरेर जाने कुरा भने गर्न हुँदैन।'

सोमबार प्रधानमन्त्री बालेनले विश्वविद्यालयका उपकुलपतीहरूसँग छलफल गर्दै विश्वविद्यालयहरूबाट विद्यार्थी संगठनका संरचना तत्काल हटाउन निर्देशन बाँकी पृष्ठ ४

# प्रतिनिधिसभामा हरेक महिनाको पहिलो साता प्रधानमन्त्रीले जवाफ दिनुपर्ने



**काँक्रेविहार संवाददाता**
काठमाडौं, ८ वैशाख

प्रतिनिधि सभामा प्रत्येक महिनाको पहिलो साता प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर हुने भएको छ।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले आज सभामुख डीपी अर्याललाई बुझाएको मस्यौदामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर हुने व्यवस्था उल्लेख छ।

मस्यौदामा भनिएको छ, 'प्रधानमन्त्रीको निजीको कार्यक्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्नका लागि सभाले प्रत्येक महिनाको पहिलो साताको कुनै एक दिनको बैठकको एक घण्टा निर्धारण गर्नुपर्दछ। तर उक्त दिन कुनै कारणवश बैठक बस्न नसकिएमा त्यसपछि लाग्ने बस्ने बैठकको पहिलो एक घण्टाको समय निर्धारण गर्नुपर्दछ।' प्रश्नको जवाफ प्रधानमन्त्रीले तत्काल सदनमै दिनुपर्ने उल्लेख छ। प्रधानमन्त्री बनेपछि बालेन शाहले अहिलेसम्म सदनमा बोलेका छैनन्।

नियमावली बनेपछि अब प्रत्येक महिना सदनमा सांसदहरूले उठाएको प्रश्न दिनको लागि अनिवार्य रूपमा बोल्नुपर्ने भएको छ।

सम्पादकीय

# रणनैतिक सडकलाई प्राथमिकतामा राख

कर्णालीलाई दक्षिण तराईसँग जोड्ने मूलपानी–रानिघाट–तेलपानी–भुरीगाउँ सडक आयोजना फेरि एकपटक आशा र अन्योलको दोधारमा उभिएको छ । झण्डै साढे एक दशकदेखि संघीय सरकारको नीति, कार्यक्रम र बजेटमा समावेश हुँदै आएको यो परियोजना व्यवहारमा भने निरन्तर उपेक्षाको शिकार बन्दै आएको छ । कागजमा प्राथमिकता पाउने तर मैदानमा प्रगति नदेखिने विकासको यो पुरानै रोग यहाँ पनि दोहोरिएको छ । यो सडक केवल स्थानीय यातायात सहज बनाउने पूर्वाधार मात्र होइन । कर्णालीलाई लुम्बिनी प्रदेशसँग जोड्ने छोटो र रणनीतिक मार्ग पनि हो । त्यसैले यसको महत्व क्षेत्रीय मात्र नभई राष्ट्रिय स्तरको छ । तर यही महत्व बोकेको आयोजना विभिन्न प्रशासनिक झन्झट, कानुनी अवरोध र समन्वय अभावका कारण वर्षौंदेखि अलपत्र छ । विशेषगरी बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने खण्डमा वातावरणीय प्रभाव मूल्यांकन, रूख कटान अनुमति, तथा जग्गा भोगाधिकारका मुद्दाले निर्माण प्रक्रिया थुनिएको छ । वातावरण संरक्षण निस्सन्देह महत्वपूर्ण विषय हो । तर विकास र संरक्षणबीच सन्तुलन कायम गर्ने जिम्मेवारी राज्यकै हो ।

सर्वोच्च अदालतले बाटो खोलिदिएको अवस्थामा पनि कार्यान्वयनमा ढिलाइ हुनु झन् गम्भीर प्रश्न हो । नीतिगत निर्णयलाई व्यवहारमा उतार्न सक्षम छैनौं भन्ने गम्भिर प्रश्नप नि खडा भएको छ । सकारले यो सडकलाई अन्तरप्रदेशीय सम्पर्क मार्गका रूपमा प्राथमिकतामा राख्दै आएको भए पनि संघीय सरकारको सहयोगबिना ठोस प्रगति सम्भव छैन । यही असमञ्जसले संघीयता कार्यान्वयनमा समन्वयको अभाव कति गहिरो छ भन्ने देखाउँछ । एकातिर प्रदेशले बजेट छुट्याउने, अर्कोतिर संघीय निकायबाट अनुमति नआउँदा काम रोकिँदा विकास प्रक्रिया नै अल्झिएको छ । उता निर्माणाधीन पुलको अवस्था झनै निराशाजनक छ । आर्थिक वर्ष २०६४/०६५ बाट भुरीगाउँ–तेलपानी खण्डमा सरकारले बजेट विनियोजन गर्न थालेको हो । २०६९ सालसम्म यो सडकमा एक करोड ७६ लाख रूपैयाँ खर्च भएको भए पनि सडकको अवस्था उस्तै छ । उतिबेला भेरी नदीबाट डोजर तारेर रानीघाटदेखि तेलपानीसम्म १८ किलोमिटर सडकको नयाँ ट्र्याक खोलिएको थियो । सडक निर्माणले गति लिएका बेला बर्दिया राष्ट्रिय निकुञ्जले मध्यवर्ती क्षेत्रमा सडक विस्तार गर्न रोकेपछि अहिले यो सडक स्थानीयलाई सास्ती खेप्ने मार्ग बनिरहेको छ । राष्ट्रिय निकुञ्जको अवरोधपछि सर्वोच्च अदालतले सडक विस्तारको बाटो खोलिदिएको भए पनि अहिले निकुञ्जको मध्यवर्ती क्षेत्रमा रूख कटान, जग्गा भोगाधिकार र भेरी नदीमा पुल निर्माणको काम हुन नसक्दा सडक विस्तारको काम हुन नसकेको हो । यो सडकलाई प्रदेश सरकारले समेत प्राथमिकतामा राख्दै आएको छ ।

यही सडक अन्तर्गत निर्माण हुने रानीघाट पुल १३ वर्षसम्म दुई वटा पिलरमै सीमितले हाम्रो ठेक्का व्यवस्थापन र अनुगमन प्रणाली कति कमजोर छ भन्ने उजागर गर्छ । यस्तो ढिलासुस्तीले स्थानीयमा सरकारप्रति वितृष्णा बढ्नु स्वाभाविक हो । यद्यपि फलाटे–रानिघाट खण्डमा देखिएको केही प्रगति आशाको किरण हो । तर समग्र परियोजना अघि बढाउन खण्डगत उपलब्धि पर्याप्त हुँदैन । समग्र दृष्टिकोण, स्पष्ट कार्ययोजना र प्रभावकारी समन्वय अपरिहार्य छ । यो सडक अझै कति वर्ष कागजमै सीमित रहने ? कर्णालीका नागरिकलाई आधारभूत पहुँचबाट वञ्चित राख्ने यो अवस्थाको अन्त्य कहिले हुन्छ ? यदि राज्यले साँच्चिकै समावेशी विकासको लक्ष्य लिएको हो भने यस्ता रणनीतिक आयोजनालाई प्राथमिकताका साथ अघि बढाउनैपर्छ । कर्णालीको आर्थिक, सामाजिक र क्षेत्रीय रूपान्तरणको मेरूदण्ड बन्नसक्ने सम्भावना बोकेको आयोजना हो । यसलाई समयमै सम्पन्न गर्न सकिए स्थानीय रोजगारी, कृषि बजार पहुँच र अन्तरप्रदेशीय आवागमनमा उल्लेखनीय सुधार आउनेछ । अब काममा ढिलाइ गर्ने छुट कसैलाई छैन । सम्बन्धित सबै निकायबीच प्रभावकारी सहकार्य र दृढ राजनीतिक इच्छाशक्ति नै यसको सफलताको एकमात्र बाटो हो ।

# सुनमा शासकको सोख



राजकुमार दिक्पाल



मुलुकमा नयाँ सरकार छ, दुईतिहाइनजिकको प्रचण्ड बहुमतले बनेको । मन्त्रिमण्डलमा सबै युवा छन् । अर्को विशेषता हो, मुलुकले पहिलोपटक मधेसी समुदायबाट प्रधानमन्त्री पाएको छ । यस सरकारको विषयमा पछिल्लो पटक चर्चाको विषय भएको छ, सुन । मन्त्रिमण्डलका अधिकांश सदस्यले निजी सम्पत्तिका रूपमा राम्रैसँग सुन जोडेका रहेछन् । आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्दा उनीहरूले आफूसँग भएको तोलाका तोला सुन पनि प्रस्तुत गरेपछि त्यससम्बन्धी चर्चाले यतिखेर सामाजिक सञ्जाल गर्माएको छ । व्यंय हान्नेहरूले त 'के नेपालमा स्वर्णयुग सुरु भएको हो?' भन्न समेत भ्याएका छन् ।

सुनकै विषयमा चर्चा गर्दा देशका कतिपय नेतामा पछिल्लो पटक सुनकाण्डमा मुछिएका छन् । खासगरी माओवादलाई मार्गदर्शन बनाई सशस्त्र संघर्षमा होमिएका र शान्ति प्रक्रियापछि खुला राजनीतिमा आएका वामपन्थी नेता तथा उनीहरूका कतिपय पारिवारिक सदस्य सुनकाण्डको मुद्दा खेपिरहेका छन् ।

पञ्चायतकालमा पनि राजपरिवारका सदस्य सुनकाण्डमा मुछिएका थिए । राजपरिवारका सदस्यको संरक्षणमा तस्करी गरेर ल्याइएको सुनलाई बिस्कुटका रूपमा प्याक बनाएर भारततिर लैजाने गरिएको खुलासा गर्ने त्यस समयका साहसी पत्रकार पदम ठकुराठी आज पनि जीवितै छन् । राजपरिवारका यस्ता कर्तुत खुलासा गरेकै कारण उनलाई गोली प्रहार गरिएको थियो ।

सुनका लागि आक्रमण

कुनै समय काठमाडौँ उपत्यका प्रशस्तै सुन भएको राज्यका रूपमा चर्चित थियो । इतिहासको पाना पल्टाउँदा हामी पाल्पाली राजा मुकुन्द सेन (प्रथम) ले विसं १५८१/८२ मा काठमाडौँ उपत्यकामा हमला गरेको थाहा पाउँछौँ। यस हमलाको सूत्रधार एक जना मगर सैनिक थिए । काठमाडौँ उपत्यकामा हरिदेवसिंह राजा भएका बेला मन्त्रीहरूको जालझेलले ती मगर बर्खास्तीमा परेछन् । जागिरमा बर्खास्त भएपछि उनी आफ्नो घर पाल्पा पुगेर 'काठमाडौँमा सुनका छाना र सुनकै धारा छन्' भनी तारिफ गरेछन् । यस्तो चर्चा सुन्नेबित्तिकै पाल्पाली राजा मुकुन्द सेन (प्रथम) को कान ठाडो भयो । त्यसपछि उनले घोडचढी सेनाका साथ काठमाडौँ उपत्यका आएर राजा हरिसिंहदेवलाई हराएर हुलदंगा र लुटपाट मच्चाएका थिए । अर्थात् पाल्पाली राजाले प्रशस्त सुन पाइने लोभले काठमाडौँ उपत्यकामा आक्रमण गरे ।

सुन भनेपछि अहिले मात्रै होइन, उहिल्यैदेखि मानिस पुलकित हुन्थे । बेलायत पुग्ने पहिलो नेपाली हुन्, मोतीलाल सिंह । नेपाल-अंग्रेज युद्धको समयका योद्धा उनी एक पानीजहाजका क्याप्टेनको कुरा सुनेर अवैध रूपमा बेलायत पुगेका थिए । त्यहाँ उनले प्रशस्तै सुन बटुल्न पाइन्छ भन्ने हल्ला सुनेका रहेछन् । हल्लाको भरमा त्यहाँ पुगेका उनको बिजोग भयो, सडक सफा गरेर गुजारा चलाउनुपरेको थियो । पछि जंगबहादुरलाई बेलायतमा भेटेपछि उनको दिन फिरेको थियो ।

सुनकै विषयमा इतिहासमा उल्लेख भएका केही सन्दर्भको चर्चा यस लेखमा गरिएको छ ।

सुन व्यापारमा पृथ्वीनारायण शाह

नेपालको इतिहासमा पहिलो अन्तरदेशीय व्यापारिक सम्बन्ध भएको देश हो, तिब्बत । कुनै समय नुनदेखि सुनसम्ममा नेपाल तिब्बतप्रति नै निर्भर थियो । तिब्बतबाटै ल्याइएको सुनबाट मल्ल राजाहरू मन्दिरको छानालाई मुलम्मा लगाई पहेँलपुर बनाएर समृद्धि देखाउँथे ।

राजा पृथ्वीनारायण शाहले आफ्नो सानो राज्य गोरखालाई विस्तार गर्दै जाँदा सबैभन्दा पहिले विसं १८०१ मा नुवाकोट जिते । त्यसबेला नुवाकोट कान्तिपुर राज्यको मातहतमा थियो । पृथ्वीनारायण शाहको मुख्य उद्देश्य राज्य विस्तारसँगै उपत्यकाका राज्यमा आर्थिक नाकाबन्दी गर्नु थियो । त्यसबेला नुवाकोट तिब्बत जाने मूलनाका थियो ।

नुवाकोट जितेपछि पृथ्वीनारायण शाहले आफ्नो राजधानी पनि त्यतै सारे । सिन्धुपाल्चोक, काभ्रेपलान्चोक र दोलखा पनि एकलौटी गरेपछि उनले आफ्ना मीतबुवा भक्तपुरका राजा रणजित मल्लले तिब्बतमा वाणिज्यदूत बनाएका हरिदेव पण्डितलाई आफ्नो पनि वाणिज्यदूत बनाएर सुन किन्ने आदेश दिएका थिए । सुन किन्ने आदेश दिइएको लालमोहरमा उल्लेख भएअनुसार त्यसबेला तिब्बतमा एक तोला सुनको मूल्य १८ रुपैयाँ तोकिएको देखिन्छ । पृथ्वीनारायणले आफ्ना वाणिज्यदूतलाई सकेसम्म प्रतितोला १६ रुपैयाँमा कुरा मिलाउन, त्यतिमा दिएन भने एक सुका थप गर्न र त्यतिमा पनि दिएन भने प्रतितोला १७ रुपैयाँ तिर्न पनि तयार हुन आदेश दिएका छन् । दाम मिलेको खण्डमा १२ देखि १५ हजार तोलासम्म किन्न आदेश दिएका छन् ।

पृथ्वीनारायणले विसं १८१२ मा तिब्बती व्यापारीसँग सुन किनबेचका लागि मूल्यमा तल-माथि नगर्न, हिसाबकिताब दुरुस्त राख्न र सुनको मूल्य तल-माथि गरिए वा सुनको पैसा तत्काल नतिरे पाप लाग्ने धर्मपत्र गरे/गराएका थिए ।

१२ चैत १८१३ मा पृथ्वीनारायणले हरिदेव पण्डितलाई लेखेको पत्रमा उत्तर (तिब्बत)बाट आएको सुन दक्षिण (मधेस)तिर बेच्ने गरेको र मधेसबाट सुनका लागि महाजन (व्यापारी)का मानिस आउने पनि उल्लेख गरेका छन् । यसबाट पृथ्वीनारायणले तिब्बततिरबाट सुन खरिद गरी दक्षिण मधेस हुँदै भारततिर बिक्री गर्ने गरेको पनि स्पष्ट हुन्छ । उनले सुन बिक्री गर्दा प्राप्त हुने मुगल बादशाहका चाँदीका मोहर खिचेर काठमाडौँको टक्सारमा ल्याई त्यसलाई मासी आफ्नो नाममा मुद्रा ढाल्ने नियम बसाएका थिए । इतिहास शिरोमणि बाबुराम आचार्यले आफ्नो पुस्तकमा पृथ्वीनारायण शाहले राजकोषमा जम्मा गर्न नभई विदेशी व्यापारीलाई बेचेर नाफा कमाउने उद्देश्यले सुनको कारोबार गरेको उल्लेख गरेका छन् ।

बिहेमा एक क्विन्टल ७२ किलो सुन

ऐतिहासिक पत्रका संग्रहकर्ता मनोज मनुज (हाल : अमेरिका)ले बेलाबेला बडो गजबका रोचक ऐतिहासिक पत्र सामाजिक सञ्जालमा साझा गर्छन् । केही महिनाअघि मात्रै उनले तत्कालीन युवराज महेन्द्रको विवाहमा राज्यकोषबाट निकालिएको सुनचाँदी र रुपैयाँ-पैसाको विवरण भएको कौशितोषाखानाको पत्र सार्वजनिक गरेका थिए ।

२६ र २७ वैशाख १९९७ मा सम्पन्न युवराज महेन्द्र र इन्द्रराज्यलक्ष्मी राणाबीचको विवाहमा राज्यकोषबाट ठूलो मात्रामा सुन-चाँदी निकालिएको रहेछ । त्यो बेला चाँदीभन्दा सुन धेरै निकालिएको थियो । पत्रअनुसार १४ हजार ७६० तोला सुन र १० हजार तोला चाँदी निकालिएको थियो । यस्तै, एक लाख ४९ हजार १४० रुपैयाँ नगद पनि राज्यकोषबाट निकालिएको थियो ।

एक किलोमा ८५.७३ तोला हुन्छ । यसअनुसार तत्कालीन युवराज महेन्द्रको विवाहमा राज्यकोषबाट १७२ किलो अर्थात् एक क्विन्टल ७२ किलो सुन निकालिएको रहेछ । अहिले कायम भएको एक तोला सुनको मूल्य दुई लाख ८५ हजार ६०० रुपैयाँका दरले हिसाब गर्दा त्यस विवाह समारोहमा चार अर्ब रुपैयाँभन्दा बढीको त सुन मात्रै निकालिएको रहेछ ।

विसं १९९७ तत्कालीन युवराज महेन्द्रको विवाह हुँदा राज्यकोषबाट सुनचाँदी निकालिएको कागज । स्रोत : मनोज मनुज

यो विवाह समारोह त्यस्तो बेला भएको थियो, जतिबेला जुद्धशमशेर मुलुकका हर्ताकर्ता थिए । उनले आफ्नी नातिनी (छोरा हरिशमशेरकी छोरी) इन्द्रराज्यलक्ष्मीको विवाह गराइरहेका थिए । राज्यकोषमा आफ्नै हालीमुहाली चल्दा जुद्धशमशेरले नेपालका भावी राजासँगको विवाह बडो ठाँटका साथ गर्ने नै भए । आफ्नी नातिनीको आर्थिक हैसियत तल नझरोस् भनेर पनि जुद्धशमशेरले यति ठूलो परिमाणमा राज्यकोषबाटै निकालेर दाइजो दिन कत्ति पनि हिचकिचाएका थिएनन् भन्ने स्पष्ट हुन्छ ।

आफ्नो हात जगन्नाथ !

राणाहरूले नेपालमै सुनखानी पत्ता लगाउने प्रयास गरेका थिए । स्विस भूगर्भविद् टोनी हागनलाई बोलाएर सुनखानी पत्ता लगाउने जिम्मा दिइएको थियो । उनले सुनखानी पत्ता लगाउन नौ वर्षसम्म लगातार १४ हजार किलोमिटर नेपालको कुनाकाप्चा चहारे, तर उनले राणाहरूले चाहे जस्तो सुनखानी पत्ता लगाउन सकेनन् । बरु भ्रमणको अनुभवको सँगालोस्वरूप नेपाल चिनाउने सचित्र पुस्तक नेपाल : द किङ्डम इन हिमालय छापे ।

नेपालमा सुनखानी पत्ता लगाउन नसकिए पनि नेपाल उहिल्यैदेखि सुन कारोबारको 'ट्रान्जिट' बन्दै आएको स्पष्ट छ । उत्तरबाट नेपाल हुँदै दक्षिणतिर सुन जाने चलन पुरानै हो । पृथ्वीनारायण शाहको समयमा सुन कारोबार सम्बन्धी इतिहास हेर्दा नै यसबारे स्पष्ट हुन सकिन्छ ।


त्यसो त राणाहरूले भारत भ्रमण गएका बेला त्यताबाट पनि सुन खरिद गरेर नेपाल भित्र्याएको इतिहास पाइन्छ । विसं १९९६ मा जुद्धशमशेर कलकत्ता जाँदा ६० हजार रुपैयाँको सुन किनेको कागज । स्रोत : मनोज मनुज

ऐतिहासिक पत्रका संग्रहकर्ता मनोज मनुजले हालै एक महत्त्वपूर्ण तेरिज साझा गरेका छन् । विसं १९९६ मा तत्कालीन श्री ५ महाराज तथा प्रधानमन्त्री जुद्धशमशेर कलकत्ता भ्रमणमा गएका रहेछन् । त्यस भ्रमणमा उनले तीन लाख ७८ हजार २८६ रुपैयाँ खर्च गरेका रहेछन् । उक्त रकममध्ये उनले ६० हजार रुपैयाँको त सुन मात्रै खरिद गरेका रहेछन् । त्यो मूल्य बराबर उनले कति परिणाममा सुन खरिद गरे, त्यो राज्यकोषमा जम्मा भयो कि उनको निजी कोषमा भन्ने उक्त कागजमा उल्लेख छैन ।

जे होस्, उहिलेदेखि अहिलेसम्मका राजा, प्रधानमन्त्री तथा मन्त्रीलाई सुनको मोहनीले लठ्याएकै देखियो । यही सुनको सोखले महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदनमा उल्लेख गरेको आदर्श पंक्ति भने धुजाधुजा हुन पुगेको छ :

हातका मैला सुनका थैला के गर्नु धनले?
साग र सिस्नो खाएकै वेश आनन्दी मनले ।

# अब त किचलो छाड !



गोविन्द अधिकारी

*सर्वोच्च अदालतको फैसलापछि कोइराला दाजुभाइ शेखर र शशांक पक्षका नेताहरूको भेलाले पार्टीको आधिकारिक नेतृत्वकै पक्षमा उभिने र देउवा पक्षको भेलामा सहभागी नहुने निर्णय गरेको छ ।*

सर्वोच्च अदालतले विशेष महाधिवेशनबाट चुनिएको गगन थापा नेतृत्वको केन्द्रीय कार्य समितिलाई नै आधिकारिक नेपाली कांग्रेस ठहर गर्ने निर्वाचन आयोगको निर्णयलाई नै सदर गरिदिएको छ । पार्टीका पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काको रिट खारेज भएपछि वैधानिक अन्योल पनि समाप्त भयो । अहिलेसम्म खड्काले अदालतको नमान्ने भनेका चाहिँ छैनन् ।

इतिहासका अनेकौं गम्भीर घडीमा नेपाली कांग्रेस र यसका नेताहरूले अग्निपरीक्षा दिँदै आएका छन् । कतिपय अवस्थामा त विष पिएर नीलकण्ठ पनि बनेका थिए । यही ऐतिहासिक राजनीतिक दलको नेतृत्वको जिम्मेवारी गगनकुमार थापा र उनका साथीहरूको हातमा पुगेको छ । अबको नेपाली कांग्रेसको स्वरूप र चरित्र त पन्ध्रौं महाधिवेनले नै तय गर्नेछ । तर, पन्ध्रौं महाधिवेशनको तयारी भने पार्टीभित्र मात्र होइन बाहिरबाट हेर्नेहरूका लागि पनि निष्पक्ष, स्वतन्त्र रूपमा देखिनुपर्छ ।



तास्बिर : ए.आई.द्वारा सिर्जित

पन्ध्रौं महाधिवेशनमा सहभागी हुनका लागि पूर्वसभापति शेरबहादुर देउवा पक्ष हच्किएको देखिएको छ । स्वाभाविक पनि होला । अलिकति ग्लानि हुनसक्छ विधानबमोजिम विशेष महाधिवेशन आफूले बोलाउन नसकेकोमा । अलिअलि लाज पनि लागेको होला र सबैभन्दा धेरै मुद्दा गरेर अनावश्यक बखेडा खडा गरेकोमा थकथकी पनि होला ।अब नेपाली कांग्रेसको नेतृत्वले हिजो जे भयो सबै बिर्सेर देउवा पक्ष पनि महाधिवेशनमा निसङ्कोच सहभागी हुने वातावरण सुनिश्चित गर्नुपर्छ । गगन थापाले कसैलाई निषेध गर्नु पनि किन र ?

यसैले अब त कांग्रेसभित्र अलमल र अन्योल सकिनु पर्ने हो । तर, अझै पनि शेरबहादुर देउवा पक्ष भने सर्वच्च अदालतको निर्णयलाई आत्मसात् गर्न मानसिकरूपमा तयार देखिएन । खड्का अपेक्षाकृत कम बोल्छन् र अलि रिजर्भ्डु पनि छन् । यसैले सर्वोच्च अदालतको फैसला मानेर गगनकुमार थापाको नेतृत्व स्वीकार गर्न समय लिएका हुन् भने त्यसलाई अन्यथा ठान्नु पनि न्याय हुँदैन । यस्तै, अन्तिम समयसम्म आफूलाई साथ दिने कार्यकर्ताको पनि त राय लिनुपर्ला र भविष्य पनि हेर्नुपर्ला । त्यसका लागि उनले नेतृत्वसँग कुनै किसिमको आश्वासन खोजेका हुन् भने त्यसलाई पनि सम्मान गर्नु राजनीतिक र कांग्रेसको चरित्रअनुरूपको अभ्यास हुनेछ ।

सक्रिय र जनमुखी राजनीति गर्ने जुझारु तरुणहरूका लागि भने बचेखुचेको बन्धन पनि सकियो, नैतिक र वैधानिक दुवै दृष्टिले अब पार्टीको महाधिवेशनमा होमिएलान् उनीहरू । तरुणहरूले चाहे र परिश्रम गरे भने पन्ध्रौं महावधिवेशनपछि नेपाली कांग्रेसमा वैचारिक समूहमात्र रहनुपर्छ । यसै पनि कांग्रेसका महाधिवेशनमा एउटा गुटमात्रै विजयी हुने गरेको छैन ।

सर्वोच्च अदालतको फैसलापछि कोइराला दाजुभाइ शेखर र शशांक पक्षका नेताहरूको भेलाले पार्टीको आधिकारिक नेतृत्वकै पक्षमा उभिने र देउवा पक्षको भेलामा सहभागी नहुने निर्णय गरेको छ । यो स्वाभाविक र अपेक्षित निर्णय हो । कोइरालाहरू नेपाली कांग्रेसका पक्षमा नउभिनु पो आश्चर्य हुन्थ्यो त ?

देउवाकै पछि लागेर २०५९ मा गएकाहरूमध्ये सत्ताको स्वाद पाइसकेकाहरूले त अब सक्रिय राजनीतिबाट विश्राम लिनु नै उचित होला । नाम, दाम जे कमाउनु थियो कमाइसके । अब तिनले देश र परिवारलाई दिने के बाँकी होला र ? पाउनेले पाउनुपर्नेभन्दा बढी नै पाइसके होलान् अनि यतिन्जेल नपाउनेले अब के पाउलान् ?

अब देउवा पक्षका नेता कार्यकर्ताले पनि छिटै निर्णय गर्नु बेस हुनेछ - पार्टीको निर्णय स्वीकार गरेर महाधिवेशन प्रक्रियामा समाहित हुने कि समानान्तर गतिविधिका नाममा नेपाली कांग्रेसलाई झन् क्षति पुऱ्याउनेरु देशलाई नेपाली कांग्रेसको खाँचो छ भन्ने ठान्ने हो भने पार्टी बलियो बनाउन चाहने सबै आधिकारिक नेतृत्वकै पछाडि लाग्नुपऱ्यो । होइन भर्सेलै परोस् पार्टी र देश भन्ने हो भने २०५९ को देउवापथुमा फर्के भयो । नेपाली कांग्रेस कतिपटक फुट्यो भन्ने त इतिहासकारले पनि सम्झन नसक्लान् ?


त्यति बेला पनि संस्थापन कांग्रेसले आन्दोलनको आगो जगाइराखेको थियो र नै लोकतन्त्रको पुनःस्थापना भयो र देउवा समूह नेपाली कांग्रेसमा फर्कन पायो । नत्र, अहिले नेपाली कांग्रेस (प्रजातान्त्रिक)का नेता कार्यकर्ता कता हुन्थे ?

समानुपातिक र राष्ट्रिय सभाका सांसदहरूले पनि पार्टीको सोझो गरून् । आफू नेपाली कांग्रेसका सांसद भएको नबिर्सुन् । नेपाली कांग्रेसलाई कमजोर बनाउने कालीदासु मूर्खता नगरून् । पद देउवा वा उनको समूहका कसैले दिएको त होला तर कांग्रेसको भागबाट दिएको न हो ।

# ‘विद्यार्थी संगठनमाथि हस्तक्षेप नगर्न सरकारलाई चेतावनी’

काँक्रेविहार संवाददाता
काठमाडौं, ८ वैशाख

नेपाली कांग्रेसका पूर्वउपसभापति पूर्णबहादुर खड्काले विद्यार्थी संघ-संगठनमाथि हस्तक्षेप नगर्न सरकारलाई चेतावनी दिएका छन् । नेपाली कांग्रेस का निवर्तमान कार्यवाहक सभापति खड्काले मंगलबार जारी प्रेस वक्तव्यमा लोकतन्त्रको मूल आधारमाथि प्रहार हुने गतिविधि तत्काल रोक्न आग्रह गरेका हुन् । यसअघि आफ्नो पद कार्यवाहक सभापति उल्लेख गर्दै आएका खड्काले यो विज्ञप्तिमा भने निवर्तमान कार्यवाहक सभापति उल्लेख गरेका छन् ।




सर्वोच्च अदालतले विशेष महाधिवेशनलाई वैधता दिएपछि खड्का कार्यवहाक सभापति नलेख्ने निर्णयमा पुगेका थिए । त्यसअघि नेपाली कांग्रेसले उनलाई सातदिने स्पष्टीकरण सोधेको थियो ।

बालेन सरकारले विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठन तथा दलीय ट्रेड युनियन हटाउने निर्णय लिएपछि त्यसको व्यापक विरोध भइरहेको छ । यसबारे खड्काले नेपालको लोकतान्त्रिक आन्दोलनमा विद्यार्थी संगठनहरूको ऐतिहासिक भूमिका रहेको उल्लेख गर्दै तिनै संगठनमाथि अंकुश लगाउने प्रयास अस्वीकार्य भएको बताएका छन् । 'पञ्चायती व्यवस्थाको दमनकारी कालखण्डदेखि २०४६ र २०६२/६३काजनआन्दोलनसम्म विद्यार्थीहरूले महत्वपूर्ण योगदान दिएका छन्,' वक्तव्यमा भनिएको छ ।

उनले वर्तमान सरकारले लोकतान्त्रिक मूल्य-मान्यताविपरीत विद्यार्थी संघ र स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को अस्तित्वमाथि प्रहार गर्ने निर्णय गर्नु अधिनायकवादी कदम भएको टिप्पणी गरेका छन् । विद्यार्थी संगठनहरूलाई राजनीतिक दलसँग वैचारिक रूपमा जोडिएका मात्र नभई सामाजिक चेतना र नेतृत्व विकासका महत्वपूर्ण संस्थाका रूपमा उनले व्याख्या गरेका छन् ।

वक्तव्यमा विद्यार्थी संगठनभित्र देखिएका कमजोरी सुधार गर्न सरकार र सरोकारवालाबीच संवाद आवश्यक रहेको पनि औंल्याइएको छ । 'संरचनागत सुधारका विषयमा गम्भीर छलफल हुन सक्छ, तर प्रतिबन्ध समाधान होइन,' खड्काको भनाइ छ ।

उनले सुधारको नाममा इतिहासको अपमान हुने र लोकतन्त्र कमजोर पार्ने गतिविधि बन्द गर्न माग गर्दै अन्यथा विद्यार्थी शक्ति पुनः सडक आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिएका छन् । त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवारी सरकारले लिनुपर्ने उनको भनाइ छ ।

वक्तव्यको अन्त्यमा खड्काले लोकतान्त्रिक अधिकार, विद्यार्थी संगठनको गरिमा र नागरिक स्वतन्त्रताको सम्मान गर्न सरकारलाई आग्रह गरेका छन् ।

# विकासमा सबैको सहभागिता हुनुपर्छ, मन्त्री शाह

काँक्रेविहार संवाददाता
दैलेख, ८ वैशाख

कर्णाली प्रदेश स्तरीय उद्यम, पर्यटन तथा औद्योगिक व्यापार मेला तथा चौथो दैलेख महोत्सव २०८३ औपचारिक रूपमा सुरु भएको छ ।

जिल्लाको आर्थिक, सांस्कृतिक तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको महोत्सवले स्थानीय स्तरमा उत्साह थपेको छ ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै कर्णाली प्रदेश सरकारका प्रवक्ता तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाहले दैलेखको विकास र समृद्धि बाह्य प्रयासभन्दा बढी स्थानीय नागरिकको सक्रियतामा निर्भर रहने धारणा राखे ।

उनले दैलेखीहरू स्वयं जागरूक भई आफ्नो सम्भावनालाई पहिचान गर्नुपर्नेमा जोड दिए । उनका अनुसार दैलेख प्राकृतिक स्रोतसाधनले सम्पन्न भए पनि त्यसको पर्याप्त उपयोग हुन सकेको छैन ।



प्रकृतिले दिएको अवसरलाई आर्थिक लाभमा रूपान्तरण गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले स्थानीय उत्पादनलाई बजारसँग जोड्नुपर्ने बताए ।

‘जिन्सीलाई नगदमा रूपान्तरण गर्ने सोच विकसित गर्नुपर्छ,’ उनले स्पष्ट पारे । मन्त्री शाहले कृषि क्षेत्रमा देखिएको चुनौतीप्रति पनि चिन्ता व्यक्त गरे ।

उनले जिल्लामा प्रशस्त खेतीयोग्य जमिन हुँदाहुँदै पनि धेरै ठाउँमा बाँझो छाडिएको अवस्था रहेको उल्लेख गर्दै यसलाई सुधार गर्न आवश्यक रहेको बताए ।

रोजगारी र उत्पादनको अभावका कारण किसान पलायन हुने प्रवृत्तिले कृषि प्रणाली कमजोर बन्दै गएको उनको भनाइ थियो ।

निजी क्षेत्रको भूमिकाबारे बोल्दै उनले विकासका लागि निजी क्षेत्रसँग सहकार्य अपरिहार्य रहेको धारणा राखे । निजी क्षेत्रले उठाएका विषयहरूलाई सकारात्मक रूपमा लिँदै आवश्यक परे कानुन संशोधन गर्न सकिने उनले संकेत गरे ।

उनले राज्यले नीतिगत, प्राविधिक तथा संरचनात्मक सहयोग गर्ने तर प्रत्यक्ष व्यापारमा संलग्न नहुने स्पष्ट पारे ।

सरकारी कार्यक्रमहरूको कार्यान्वयन पक्षमा अझै सुधार आवश्यक रहेको स्वीकार्दै उनले नयाँ ढाँचामा कार्यक्रम ल्याइए पनि प्रभावकारी कार्यान्वयनमा चुनौती कायम रहेको बताए ।

यसै सन्दर्भमा उनले किसानलाई दिइने ५० प्रतिशत अनुदानको सीमा बढाउनुपर्ने व्यक्तिगत धारणा पनि सार्वजनिक गरे ।

पर्यटन क्षेत्रको सम्भावनाबारे चर्चा गर्दै मन्त्री शाहले कर्णाली प्रदेशलाई प्राकृतिक सम्पदाले भरिपूर्ण क्षेत्रका रूपमा व्याख्या गरे ।

यहाँ रहेका तालतलैया, हिमाली भू-भाग, जडीबुटी, वन तथा नदीहरूले पर्यटन विकासका लागि ठूलो अवसर प्रदान गर्ने भए पनि ती स्रोतलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्न अझै प्रयास अपर्याप्त रहेको उनले उल्लेख गरे ।

महोत्सवले स्थानीय उत्पादनको प्रवर्द्धन, पर्यटन प्रवाह वृद्धि र उद्यमशीलता विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

साथै, यसले दैलेखको पहिचानलाई राष्ट्रिय स्तरमा अझ सुदृढ बनाउने विश्वास आयोजकहरूले व्यक्त गरेका छन् ।

# अझै तीन दिन ‘लु’ को जोखिम, पाँच दिनसम्म गर्मी बढ्ने



काँक्रेविहार संवाददाता
काठमाडौं, ८ वैशाख

देशका विभिन्न भागमा बढ्दो तापक्रमसँगै तातो हावाको लहर(लु) को जोखिम अझै केही दिन कायम रहने भएको छ । जल तथा मौसम विज्ञान विभागले बिहीबारसम्म तराईका केही जिल्लामा लु चल्ने सम्भावना रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागका अनुसार मंगलवार दिउँसो लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । धनगढी र नेपालगञ्जमा ४३ डिग्री, भैरहवामा ४४ डिग्री र काठमाडौँमा ३३ डिग्री सेल्सियस तापक्रम मापन गरिएको छ ।

विभागका मौसमविद् विनु महर्जनका अनुसार पूर्वी भूभागमा शनिबारसम्म र पश्चिम क्षेत्रमा अझै केही दिन बढी तातो रहने सम्भावना छ । उनले दिउँसोको समयमा अत्यावश्यकबाहेक बाहिर ननिस्कन, चिसो तथा हावादार स्थानमा बस्न, हल्का र पातलो कपडा लगाउन तथा प्रशस्त पानी र झोल पदार्थ सेवन गर्न सुझाव दिए ।

लुम्बिनी र सुदूरपश्चिमका तराई जिल्लाहरू-कञ्चनपुर, कैलाली, डडेलधुरा, डोटी, बर्दिया, बाँके, दाङ, कपिलवस्तु र रुपन्देही-मा ‘सतर्क रहनु’ स्तरको चेतावनी जारी गरिएको छ । त्यस्तै, अछाम, सुर्खेत, दैलेख, सल्यान, रोल्पा, प्यूठान, अर्घाखाँची, पाल्पा, परासी, नवलपुर, चितवन, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सिन्धुली र उदयपुरलगायत जिल्लामा ‘अद्यावधिक रहनु’ स्तरको चेतावनी दिइएको छ ।

तातो हावा र उच्च तापक्रमका कारण थकान, अत्यधिक तिर्खा लाग्ने, टाउको दुख्ने, आँखामा पोल्ने, चक्कर आउने तथा बेहोस हुने जस्ता समस्या देखिन सक्ने विभागले जनाएको छ । बालबालिका, वृद्ध तथा दीर्घरोगीहरू विशेष जोखिममा पर्ने भएकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ ।

# यस्ता छन् मन्त्रिपरिषद्का मुख्य पाँच निर्णय

काँक्रेविहार संवाददाता
काठमाडौं, ८ वैशाख

मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले मुख्य पाँचवटा विषयमा निर्णय गरेको छ । नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि सिफारिस समिति गठनसहितका पाँचवटा निर्णय गरेको सञ्चार, सूचना तथा प्रविधिमन्त्री विक्रम तिमल्सिनाले जानकारी दिए ।

अध्यक्षको नियुक्तिका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्ट संयोजक रहने गरी सिफारिस समिति गठन गरिएको छ, जसमा अर्थसचिव घनश्याम उपाध्याय र भुवनकुमार दाहाल सदस्य छन् ।

बैठकले नेपाल विशेष सेवा ऐन २०४२ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने निर्णय गरेको छ । बैठकले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिएको छ ।

मतदाता नामावली ऐन २०७३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न पनि बैठकले स्वीकृति प्रदान गरेको छ । त्यस्तै, बैठकले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अध्यक्ष पदमा डिल्लीराज आचार्यलाई मनोनयन गरेको छ । सदस्य पदमा नवराज सिम्खडा र रोशनबहादुर शाक्यलाई मनोनयन गरेको छ ।

# नेपाल-भारत पत्रकार गोष्ठी

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, ८ वैशाख

नेपाल र भारतका पत्रकारबीच भाषिक पत्रकारिता, सीमावर्ती समस्या र सञ्चार क्षेत्रका समसामयिक विषयमा केन्द्रित अन्तर्राष्ट्रिय विचार गोष्ठी भारतको उत्तर प्रदेशस्थित नानपारामा सम्पन्न भएको छ । भारतमा हिन्दी भाषा पत्रकारिता सुरु भएको २०० वर्ष पूरा भएको अवसरमा आयोजित उक्त कार्यक्रममा दुवै देशका पत्रकारहरूले भाषिक पत्रकारिता, सञ्चार माध्यमको बदलिँदो स्वरूप, सामाजिक उत्तरदायित्व तथा सीमा क्षेत्रका साझा समस्या बारे गहन छलफल गरेका थिए ।

कार्यक्रमको उद्घाटन गर्दै नानपाराका विधायक रामनिवास वर्माले नेपाल-भारतबीचको ऐतिहासिक, सांस्कृतिक र सामाजिक सम्बन्धलाई स्मरण गर्दै दुवै देशबीचको ‘रोटी-बेटी’ सम्बन्ध शताब्दीयौँदेखि कायम रहेको उल्लेख गर्नुभयो । उनले समाजलाई सचेत बनाउन र सही दिशा दिन पत्रकारिताले विगतदेखि नै महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । त्यस्तै, ब्लक प्रमुख प्रतिनिधि कृपाराम वर्मा (बल्हा) र विधायक प्रतिनिधि आलोक जिन्दलले नेपाल-भारत सम्बन्धलाई थप मजबुत बनाउन पत्रकारिताको भूमिका महत्वपूर्ण रहेको धारणा राखे ।

## जनहितमा जारी सन्देश

- सडकको दायाँबायाँ जथाभावी सामाग्री नथुपारौं ।
- सडक छेउमा घरहरुको तलबाट सीधैं वर्षाको पानी सडकमा नझारौं, यसबाट चाँडै खाल्डाखुल्डी पर्न जाने हुदाँ पाइपको माध्यमबाट उचित निकासको व्यवस्था गरौं ।
- वर्षायाम (असारदेखि भाद्रसम्म) मा कुनै पनि कार्यका लागि सडक खन्ने, अनुमति दिन नसकिनेसमेत जानकारी यसै सूचनामार्फत गराईन्छ ।
- शारीरिक कम्जोरी तथा दृष्टिविहीन नागरिकलाई प्राथमिकता दिई सहयोग गरौं ।
- सडक छेउमा नाली पुरी घर जाने बाटो नबनाऔं ।
- राष्ट्रिय राजमार्गको सडक सीमा २५ मिटर दायाँ तथा २५ मिटर बायाँ भएका पक्की संरचना भत्काउनुहोला । तथा नयाँ निर्माण पनि नगर्नुहोला ।

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय, सुर्खेत

## सार्वजनिक सडक संरक्षण सम्बन्धी अत्यन्त जरूरी सूचना

१. सडक हाम्रो साझा सम्पति हो, यसको संरक्षण गर्नु हामी सबैको कर्तब्य हो
२. वर्षा याम तथा मनसुनको समयमा बाढी पहिरोको उच्च जोखिम हुने हुदा सडक यातायात गर्दा विशेष ध्यान पुर्याउनुहुन अनुरोध छ ।
३. वर्षाको कारण बाढीपहिरो आइ यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने तथा जिल्ला भित्रका कुनै पनि सडकहरु अवरुद्ध भएमा तथा सडक पुल तथा झोलुंगेपुलहरुमा क्षेती भएको थाहा पाउने बित्तिकै तुरुन्त यस कार्यालय तथा सम्बन्धित निकायमा खबर गर्नुहुन अनुरोध गरिन्छ ।
४. सडकको क्षेत्रा धिकार र सार्वजनिक सडकको रेखदेख, संभार र अन्य व्यवस्था साथै सार्वजनिक सडकको आवागमनमा बाधा पुर्याउने मालबस्तु हटाउन र स्वीकृति नलीइ सार्वजनिक सडक र सडकसीमामा कुनै किसिमको काम गर्न नहुने कुरा सार्बजनिक सडक ऐन२०३१ अनुसार हुने कुरा सूचित गरिन्छ ।

पूर्वाधार विकास कार्यालय
सल्यान

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# समयमै पुगेन, भिटामिन 'ए' र जुकाको औषधी



❒ काँक्रेविहार संवाददाता
हुम्ला, ८ वैशाख

जिल्लामा पाँच वर्षमुनिका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिएको राष्ट्रिय खोप तथा पोषण अभियान भिटामिन 'ए' क्याप्सुल र जुकाको औषधी समयमै नपुग्दा प्रभावित भएको छ।

आवश्यक औषधी समयमै उपलब्ध नहुँदा अभियानका स्वास्थ्य सेवा प्रवाह अवरुद्ध भएको हो। चर्केली गाउँपालिका स्वास्थ्य संयोजक सुरवीर शाहीका अनुसार अभियानका लागि अत्यावश्यक भिटामिन 'ए' क्याप्सुल र जुकाको औषधी समयमा नआउँदा दुर्गम बस्तीमा सेवा प्रवाह गर्न समस्या भएको छ।

उनका अनुसार औषधी ढिलाइका कारण बालबालिकाले पाउनुपर्ने आधारभूत पोषण तथा स्वास्थ्य सेवा अवरुद्ध भएको छ भने यसले दीर्घकालीन स्वास्थ्य जोखिम समेत बढाएको छ।

जिल्ला समन्वय समितिका प्रमुख शिवराज शर्माले भने दुर्गम भौगोलिक अवस्था, ढुवानी चुनौती र व्यवस्थापन कमजोरीका कारण समस्या दोहोरिएको बताए।

उनका अनुसार नीतिगत सुधार, पूर्वतयारी र समन्वयमा कमजोरी हुँदा यस्ता राष्ट्रिय अभियानहरू प्रभावित भइरहेका छन्।

स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख डा. उमाकान्त तिवारीका अनुसार कर्णाली प्रदेश औषधी आपूर्ति केन्द्रबाट ढिलाइ भएपछि समस्या उत्पन्न भएको हो।

उनले वैशाख छ र सात गते देशभर एकैसाथ सञ्चालन हुने अभियानका लागि आवश्यक औषधी कम्तीमा एक हप्ता अघि नै सम्बन्धित स्वास्थ्य संस्थामा पुगिसक्नुपर्ने व्यवस्था भए पनि यस पटक वैशाख चार गते मात्र आपूर्ति भएको जानकारी दिए।

ढिलाइ भएका औषधी अझै ढुवानी प्रक्रियामै रहेकाले जिल्लाका सबै स्थानीय तहमा समयमै वितरण गर्न नसकिएको उनले बताए।

दुर्गम भौगोलिक अवस्थाका कारण ढुवानी व्यवस्थापन पनि थप चुनौतीपूर्ण बनेको र सबै स्वास्थ्य संस्थामा औषधी पुर्‍याउन कठिनाइ भएको स्वास्थ्य सेवा कार्यालयले जनाएको छ।

अधिकारीहरूले सबै स्वास्थ्य संस्थामा औषधी आपूर्ति र ढुवानी पूरा भएपछि मात्र जिल्लामा पुनः अभियान सञ्चालन गरिने बताएका छन्।

बालबालिकाको जीवनसँग प्रत्यक्ष जोडिएको यस्तो संवेदनशील कार्यक्रम समयमा प्रभावकारी रूपमा सञ्चालन हुनुपर्ने स्थानीयवासीले माग गरेका छन्।

# भ्रष्टाचार मुद्दामा तीन जनालाई कैद र जरिवाना दुबै

❒ काँक्रेविहार संवाददाता
डोल्पा, ८ वैशाख

विशेष अदालतले डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकामा भएको भ्रष्टाचार मुद्दामा तीन जनालाई दोषी ठहर गर्दै कैद तथा जरिवानाको सजाय सुनाएको छ।

विशेष अदालतका न्यायाधीशहरू सुदर्शनदेव भट्ट, हेमन्त रावल र उमेश कोइरालाको इजलासले सोमबार भएको सुनुवाइपछि तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लालप्रसाद पोखरेल र कर्ण बहादुर कार्कीलाई जनही दुई वर्ष कैद र एक करोड दुई लाख ८१ हजार नौ सय ५० रुपैयाँ १८ पैसा जरिवाना गर्ने फैसला गरेको हो।

यस्तै, निर्माण व्यवसायीका तर्फबाट दिव्य निर्माण सेवाका प्रोप्राइटर भीमराज न्यौपानेलाई पनि सोही बराबरको दुई वर्ष कैद र समान जरिवाना हुने ठहर अदालतले गरेको छ।

अदालतले दिव्य निर्माण सेवा (फर्म) लाई भने कैद सजाय नहुने तर जरिवाना मात्र लाग्ने स्पष्ट पारेको छ। फैसला अनुसार प्रतिवादीहरूबाट हानी-नोक्सानी बराबरको बिगो रकम जनही एक करोड दुई लाख ८१ हजार नौ सय ५० रुपैयाँ १८ पैसा असुल गरी त्रिपुरासुन्दरी नगरपालिकाको कोषमा दाखिला गर्न आदेश दिइएको छ।

त्यसैगरी, 'अपराध पीडित संरक्षण ऐन, २०७५' अनुसार पीडित राहत कोषमा जनही ४३ हजार दुई सय ७८ रुपैयाँ क्षतिपूर्ति शुल्क समेत बुझाउनुपर्ने अदालतको फैसलामा उल्लेख गरिएको छ।

अदालतको यो निर्णयले स्थानीय तहमा भएको आर्थिक अनियमितता र भ्रष्टाचार नियन्त्रणमा कानुनी कारबाही कडाइका साथ अघि बढाइएको सन्देश दिएको छ।

## शिक्षामन्त्रीको ...

दिएका छन्।

तर, सबै विद्यार्थी संगठनहरूले सरकारको निर्णयको विरोध गर्दै आन्दोलनको तयारी गरिरहेका छन्। उनीहरूले विश्वविद्यालय तहबाट विद्यार्थी हटाउने विषय लोकतन्त्रको विरूद्धमा जाने तर्क गरेका छन्।

विश्वका सीमित मुलुक बाहेक लोकतान्त्रिक मुलुकहरूमा कुनै न कुनै रूपमा वैचारिक राजनीतिक विद्यार्थी संगठनको गतिविधि रहेको पाइन्छ। जुन अभ्यास नेपालमा रोक्न खोज्ने विषय सरकार र विद्यार्थीबीचको गहिरो संघर्ष बन्न सक्ने देखिएको छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/१/९**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री कमला वि.क** धनी रहेको, **दर्ता नम्बर** ११८२/०६६/०६७ बाट **गुर्भाकोट न.पा.-९ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री पवित्रा ग्रिल सटर उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा सातासात मन्त्रालर
सडक विभाग
**पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय**
**सडक सुरक्षा र सडकको सुरक्षाका लागि यस आयोजनाबाट आम सडक प्रयोगकर्ताहरुमा गरिएको अनुरोध**

- जथाभावी बाटो नकाटौं।
- ट्राफिक नियमको पालना (पैदल यात्रु, सवारी चालक र यात्रीहरु) सबैले गरौं।
- सडकमा फोहर नफालौं, घर/टहराबाट निस्केको ढल फोहर पानी सडक र नालीमा नमिसाऔं।
- कालोपत्रे सडकमा पानी चुहाएर निर्माण सामग्रीहरुको ढुवानी नगरौं।
- ओभरलोड तथा अत्यधिक गतिमा सवारी नचलाऔं।
- निर्माण सामाग्री लगायतका सरसामानहरु सडक सिमा क्षेत्र भित्र नथुपारौं।
- सडक मापदण्ड/सिमा मिचिर घर टहरा निर्माण गरी सडक अतिक्रमण नगरौं।
- राजमार्गसँग जोडने गरी सहायक सडक खोल्नु परेमा सम्बन्धी योजना कार्यालयसँग अनुमति लिएर मात्र खोलौं।

## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (**Air Ems**) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौँ।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५

## वीरेन्द्रनगर नगरपालिकाको जनहितमा जारी सुचना

- **नियमित स्वास्थ्य परीक्षण गराऔं,**
- **सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं,**
- **नियमित शारीरिक परिश्रम गरौं,**
- **दैनिक रूपमा निन्द्रा पुग्नेगरी सुतौं,**
- **ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,**
- **व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।**
- **वनसम्पदाको संरक्षण गरौं,**
- **खुला ठाउमा वृक्षरोपण गरौं,**
- **इनार, कुवा, पोखरी, पानी पधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,**
- **भूमिगत पानीको दोहन नगरौं,**
- **पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,**

**वीरेन्द्रनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत

## शान्ति र सद्भाव कायम गरौं।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुर्‍याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)